सौर्य खेलकुद
www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४



अफगानिस्तानका ओपनर ब्याट्सम्यान नजिब तारकईको २९ वर्षको उमेरमा सडक दुर्घटनामा परि मृत्यु भएको छ । उनको उपचारकै क्रममा मृत्यु भएको हो




कोरोना महामारीका कारण यो वर्ष लिगलिगे दौड नहुने भएको छ । विगत दश वर्षदेखि उक्त प्रतियोगिता हुँदै आएको थियो

# कोरोनाको मारमा फ्रेन्चाइज लिग




■ सौर्य समाचार

काठमाडौं । इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटले यति बेला क्रिकेटको माहोल विश्वभर बनाएको छ । महामारीबीच उच्च सतर्कता अपनाउँदै क्रिकेट सञ्चालन सम्भव छ भन्ने सन्देश पनि आईपीएलले दिएको छ । तर कोरोनाका कारण नेपालमा तय भएका मुख्य तीन चर्चित क्रिकेट लिग, धनगढी प्रिमियर लिग, एभरेस्ट प्रिमियर लिग र पोखरा प्रिमियर लिगको मिति अनिश्चित छ । कोरोनाको चपेटामा परेका आयोजकले साकारबाट अनुमति पाए विकल्पको बाटो खोजेर प्रतियोगिता सञ्चालन गर्न सक्ने दाबी गरेका छन् । मुखैमा आएको एभरेस्ट प्रिमियर लिग विश्वभर फैलिएको कोरोना भाइरसका कारण अनिश्चितकालका लागि स्थगित भयो । वेस्ट इन्डिजका चर्चित ब्याट्सम्यान क्रिस गेल नेपालमा आउने चर्चा निकै थियो । तर कोरोना महामारीले प्रतियोगिता हुन नपाउँदा आयोजकले गरेको प्रचारबाजी प्रचारमै सीमित भयो । लाखौं खर्चेर गरिएको कार्यक्रमलाई कोरोनाको कारण स्थगित गर्नुपर्‍यो । नेपालमा फ्रेन्चाइज लिगको अवधारणासहित स्थापित भएको धनगढी प्रिमियर लिग (डीपीएल) पनि आइतबार विज्ञप्ति जारी गरेर अनिश्चितकालका लागि स्थगित भइसकेको छ । प्रतियोगिता अनिश्चतकालका लागि स्थिगित गर्नु पर्दा खेलाडीदेखि विज्ञापन दाता, आयोजक सबै मारमा परेको धनगढी क्रिकेट एकेडेमीका अध्यक्ष सुवास शाहीले बताए ।

कात्तिकमा खेल तालिका भएको पोखरा प्रिमियर लिग पनि सञ्चालन हुने कुनै सुरसार छैन । आयोजकले अहिलेको अवस्थालाई नियाल्दै आयोजना गर्न नसक्ने बताउँदै आएको छ । यसले नेपालमा सहज तरिकाले क्रिकेट फर्किनेमा आशंका धेरै छ । महामारीबीच इन्डियन प्रिमियर लिग नयाँ अवधारणका साथ सञ्चालन हुँदा नेपालमा पनि प्रतियोगिता सञ्चालन गर्न विकल्पको बाटो खोज्नु पर्ने शाही बताउँछन् । नेपालमा क्रिकेट संघको अस्तित्व नहुँदाको अवस्थामा क्रिकेट चलायमान गराएका यस्ता प्रतियोगिताका लागि नेपाल क्रिकेट संघले क्यालेन्डरमा समावेश गरेर सञ्चालनको वातावरण गराउनु पर्ने कतिपयले सुझाउँदै आएका छन् ।

महामारीको अवस्थालाई उच्च सतर्कता अपाउनाउँदै खेलकुद गतिविधि सुचारु गर्नु पर्ने विज्ञले सुझाव दिइरहेका छन् । सरकारले महामारीलाई कारण देखाएर खेलकुद गतिविधि रोक्नु खेलकुदका लागि अन्याय हुन्छ । त्यसैले आवश्यक मापदण्ड तोकेर कडाइसाथ लागु गरी खेलकुद गतिविधि चलायमान बनाउनु आवश्यक देखिन्छ ।

# बैंगलोरलाई हराउँदै दिल्ली शीर्ष स्थानमा

■ एजेन्सी



दुवई । कगिसो रबाडाले उत्कृष्ट बलिङ गर्दा दिल्ली क्यापिटल्स यूएईमा जारी १३औं संस्करणको इन्डियन प्रिमियर लिग (आईपीएल) टी-ट्वान्टी क्रिकेटको शीर्ष स्थानमा उक्लिएको छ । सोमबार भएको खेलमा दिल्लीले रोयल्स च्यालेन्जर्स बैंगलोरलाई ५९ रनको फराकिलो अन्तरले हराउँदै शीर्ष स्थानमा आफूलाई पुगाउन सफल भएको हो ।

दुबई अन्तराष्ट्रिय क्रिकेट मैदानमा दिल्लीले जितका लागि दिएको १९७ रनको लक्ष्य पछएको बैंगलोरले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै मात्र १३७ रन बनायो । बैंगलोरका लागि कप्तान विराट कोहलीले सर्वाधिक ४३ रनको योगदान गरे । त्यस्तै वासिन्टन सुन्दरले १७ रन बनाउँदा अरोन फिन्च १३, नवदिप शैनी १२, मोहिन अली र सुभम डुबेले समान ११ रन बनाए । बलिङतर्फ दिल्लीका लागि कगिसो रबाडाले सर्वाधिक चार विकेट लिए । चार ओभर बलिङ गरेका उनले २४ रन खर्चदै ४ विकेट लिन सफल भए । त्यस्तै आरिच नोर्टेज र अक्षर पटेलले समान दुई-दुई विकेट लिँदा रविचन्द्र आश्विनले एक विकेट लिए ।

यसअघि टस हारेर पहिलो ब्याटिङ गरको दिल्लीले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै बैंगलोरलाई १९७ रनको लक्ष्य दिएको थियो । दिल्लीका लागि स्टोइनिस अर्धशतकीय पारी खेले । २६ बल खेलेका उनले ६ चौका र २ छक्काको सहयोगमा ५३ रन बनाए । त्यस्तै पृथ्वि शले ४२ रन बनाउँदा रिषभ पन्त ३७, शिखर धावन ३२ तथा कप्तान श्रेयस यैरले ११ रनको योगदान गरे । बलिङतर्फ बैंगलोरका लागि मोहम्द सिराजले दुई विकेट लिए । त्यस्तै इसुरु उडान र मोइन अलीले एक-एक विकेट लिए । आजको खेलमा जित निकाल्दै दिल्लीले पाँच खेलबाट ८ अंक जोड्दै शीर्ष स्थानमा आफूलाई उभ्याएको छ । पराजित बैंगलोर पाँच खेलबाट ६ अंकसँगै तालिकाको तेस्रो स्थानमा छ ।

## भुवनेश्वरले आइपिएल गुमाउने



एजेन्सी । हैदराबादका प्रमुख तीव्र गतिका बलर भुवनेश्वर कुमारले इन्डियन प्रियिमर लिग (आइपिएल) को बाँकी खेलहरु गुमाउने भएका छन् ।

गत शुक्रबार चेन्नई सुपरकिंग्ससँग खेलको क्रममा १९ औं ओभरमा बलिङ गर्नेक्रममा उनको तिघ्राको मांशपेशीमा समस्या देखिएको थियो । १९ औं ओभरको पहिलो बलमा साम करनलाई बलिङ गर्नेक्रममा उनको खुट्टामा समस्या देखिएको थियो । जसको कारण बाँकी पाँच बल खलिल अहमदले गरेका थिए ।

प्रमुख तीव्र गतिका बलर भुवनेश्वर कुमार बहिरिंदा हैदराबादलाई ठूलो धक्का लाग्ने भएको छ । यसअघिनै अलराउन्डर मिचेल मार्श पनि चोटको कारण हैदराबादबाट बाहिरिसकेका छन् । भुवनेश्वरको स्थान युवा तीव्र गतिका बलर पृथ्वी राजले लिने भएका छन् । आन्द्र प्रदेशबाट घरेलु क्रिकेट खेल्ने पृथ्वीले गतवर्ष कोलकाता नाइट राइडर्सबाट आइपिएल खेलेका थिए । २२ वर्षिय पृथ्वीले ३ टि२० खेलमा ४ विकेट लिएका छन् । हैदराबाद जारी आइपिएलमा ५ खेलमा ३ मा हार र २ मा जित सहित सातौं स्थानमा छ । हैदराबादले अव आफ्नो छैटौं खेल बिहिबार किंग्स इलेभेन पन्जाबबिरुद्ध खेल्ने छ । चोटका कारण जारी आइपिएल गुमाउने भुवनेश्वर कुमार तेस्रो खेलाडी हुन् । हैदराबादकै मिचेल मार्श र दिल्लीका अमित मिश्राले आइपिएल गुमाइसकेका छन् ।


**Kispang Rural Municipality**
**Office of Rural Municipal Executive**
**Kahule, Nuwakot**
(Notice No: 02/077-78)
**(Date of Publication: 2077-06-21)**

1. **Kispang Rural Municipality,Office of Rural Municipal Executive,Kahule,Nuwakot** invites Open Competitive Bidding from eligible bidders for the following works under National Competitive Bidding procedures as follows.

| IFB No. | Contract no. | Description and location of works | Estimated amount (Excluding VAT) NRs. | Bid Security Amount, NRs. | Bid Validity Period/ Bid Security Validity Period | Price of Bid document, NRs. |
|---|---|---|---|---|---|---|
| 02/077-78 (1) | 02/Kispang/Road/ 077-078 | Upgrading of Tapkachet-Chapkhola-Upallo Taji-Bairahamrang Road | 13,939,874.90 | 400,000 | 90 days/120 days | 3000/- |
| 02/077-78 (2) | 03/Kispang/Road/ 077-078 | Upgrading of Birudada-Ainselu-Champkhola-Kispang Road | 14,965,398.50 | 400,000 | 90 days/120 days | 3000/- |
| 02/077-78 (3) | 4/Kispang/Tourism /077-078 | Kispang Noughaderi Paryatakia Purbadhar Yojana | 8,573,145.95 | 250,000 | 90 days/120 days | 3000/- |
| 02/077-78 (4) | 05/Kispang/Bldg/ 077-078 | Construction of office building of Kispang rural Municipal Office | - | 1,785,000 | 90 days/120 days | 5000/- |
| 02/077-78 (5) | 1/Kispang/Internal Revenue/077/078 | Revenue collection from Trishuli and Salakhu River | 7,161,000.00 | 405,000 | 90 days/120 days | 3000/- |

2. Bid Purchase, Pre Bid Meeting, Bid Submission and Bid Opening Dates are as given below.

| IFB No. | Pre-Bid Meeting Date | Last Date of Bid Purchase | Last Date of Bid Submission | Bid Opening Date and Address | Details of Bank for deposit of Cost for Bid Document | Details of Bank for Cash Deposit for Bid Security |
|---|---|---|---|---|---|---|
| 02/077-78 (1) to 02/077-78 (5) | 2077/07/14 at 11:00 Hrs. | 2077/07/20 within Office Hour | 2077/07/21 at 12:00 Hrs | 2077/07/21, 13:00 Hrs at office of municipal executive, kispang,kahule | Name of the Bank: Sanima Bank, Kispang Branch Office Account no.: 059010040000008 (Kispang rural municipality Code No.: 365002910) Sanchit kosh Khata | Name of the Bank: Sanima Bank, Kispang Branch Deposit Account number: 059010020000015 Name of Office:Kispang Rural Municipality,Office of Municipal Executive,Kahule,Nuwakot |

3. Bid Documents shall be download from e-GP Portal of PPMO's Web Site **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office's Sanchit Kosh Khata as specified above and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
4. Eligible Bidders are advised to visit e-GP Portal of PPMO's Web Site **www.bolpatra.gov.np/egp** for further details or may contact Kispang Rural Municipality ,Office of Municipal Executive, Kahule, Nuwakot, Telephone: 010-681217 and mailing address: kispangrm@gmail.com.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day whereas the bank guarantee shall be counted from the submission date as specified on above table.
6. Any amendment in the tender notice will be published in official website of Kispang Rural Municipality, Office of Municipal Executive, Kahule, Nuwakot and e-GP Portal of PPMO website **http://www.bolpatra.gov.np/egp** .
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 and Public Procurement Regulations-2064 and prevailing regulations and latest amendment.
8. For the bidder who choose to bid under contract no: 05/Kispang/Bldg/077-078, the bidder should meet the following criteria for annual average Turnover and similar nature of work.
   - Average Annual Turnover of best three years within last ten years NRS. 76,500,000
   - Size and Complexity of work: Should have complete at least two RCC building of minimum floor area 12700 square feet each with the value of NRs. Sixty million
   - Should have complete two buildings each with First class brickwork 11,000 cubic feet, Stone masonry 13,000 cubic feet, M20 concrete 18,000 cubic feet and Reinforcement 80 Tonn

**Chief Administrative Officer**



**मधुवन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बर्दिया**
**५ नं. प्रदेश, नेपाल**

**आ.व.०७७/०७८ को लागि नदीजन्य पदार्थ उत्खनन, घाटगद्दी तथा बिक्री वितरण कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति: २०७७।६।२१ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क र यस मधुवन नगरपालिकाको आर्थिक ऐन २०७७ बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरु मा निर्धारित मापदण्ड बमोजिम स्विकृत प्रतिवेदनले तोकेको क्षेत्रहरुबाट नदीजन्यपदार्थ उत्खनन् गरी मधुवननगरपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्काबन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुकव्यक्ति, फर्म वा कम्पनिहरुले फर्मको नवीकरणभएको प्रमाणपत्र, मुल्यअभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.ब.०७६।०७७..को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संकलन गरी तपशिलबमोजिम सर्तहरुको आधारमा रहि E-Bidding बोलपत्र प्रकृयामा सहभागीहुन सम्वन्धीत सबैको जानकारीको लागि यो सूचनाप्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | सूचना नं./ठेक्का नं. | ठेक्काको नाम | कर उठाउने दररेट (मु.अ.कर बाहेक) | | न्यूनतम ठेक्का रकम (मु.अ.कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर रू |
|---|---|---|---|---|---|---|---|
| १ | MG/G/NCB/MNPO-11/077-078 | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, मोरङ्ग उत्खनन/ संकलन तथा बिक्री वितरण | ढुङ्गा, गिट्टी, ग्राभेल, | रु.७ प्रति घनफिट | २१३५२७०६। (दुई करोड तेह्र लाख बाउन्न हजार सात सय छ मात्र (भ्याट सहित) | कबोल अंकको ५% | ५०००। |
| | | | बालुवा | रु.६। प्रति घनफिट | | | |

**निर्माण सामाग्री उत्खनन गर्ने घाटहरु र परिमाण**

स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी, मोरङ्ग र बालुवा उत्खनन र घाटगद्दी गरी बिक्री वितरण गर्नुपर्नेछ ।

| क्र. सं. | उत्खनन गर्ने खोला/नदी र स्थान | उत्खनन योग्य नदीजन्य निर्माण सामाग्रीको परिमाण (घनमिटर) | नदीजन्य पदार्थ | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|
| ३ | बबई नदीको मौवाघाट<br>" " कुमराघाट<br>" लठुवाघाट<br>" कुसुम्बाघाट | २६०००<br>१६०००<br>८०००<br>१३२०० | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल बालुवा ढुङ्गा, गिट्टी, बालुवा माटो बालुवा | तोकीएको स्थान<br>" "<br>" "<br>" " |
| ६ | कर्णाली गेरुवा नदी<br>१. पत्थरबोझी घाट-१<br>२. पत्थरबोझी -२ | ४८००<br>१२६०० | ढुङ्गा, गिट्टी, बालुवा माटो<br>" " | तोकीएको स्थान<br>" " |

बोलपत्र दाखीला गर्ने मिति, समय र स्थान :– दिनको २०७७।०७।२१ गते दिनको १२.०० बजेसम्म www.bolpatra.gov.np/epg
बोलपत्र खोलिने मिति,समयर स्थान :– २०७७।०७।२१ गते दिनको २.०० बजे मधुवन नगरपालीका, बर्दिया
Bank Name: **Nepal Bank Limited Sanoshree Branch Bardiya**
Account Holders name : **Madhuman Municipality Bardiya**
Account No: **15103000003000000001 for Bid Security Amount**
Account No : 15103000001001000001 for Bid Document Cost(Antrik rajasaw khata)
शर्तहरुको विस्तृत जानकारीकालागि website -www.bolpatra.gov.np/epg मा Tender document हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**